न्याय प्रशासन र न्याय सम्पादनलाई चुस्त, दुरुस्त, पारदर्शी, समय तालिकासहित अनुमानयोग्य र प्रभावकारी बनाउनका लागि विभिन्न क्षेत्रमा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । अधिकांश मुद्दाहरू उच्च अदालतको तहबाटै अन्तिम टुंगो लगाउनुपर्ने भनिएको छ । जसले गर्दा मुद्दाको अन्तिम टुंगो लाग्न अत्यधिक समय नलाग्ने, राजस्व न्यायाधीकरण तथा विशिष्टीकृत अदालतबाट अपवादबाहेकको अवस्थामा मुद्दाको अन्तिम टुंगो लाग्ने अवस्था भएपछि सर्वोच्च अदालतको कार्यबोझ उल्लेख्य रूपमा कम हुने अपेक्षा गरिएको छ ।

प्रतिवेदनका सुझाव कार्यान्वयन गरी वैकल्पिक उपचारको व्यवस्था भएका रिट निवेदन अदालतमा दर्ता हुने प्रवृत्ति निरुत्साहित हुने र अदालतको समय बचत हुने, दोहोऱ्याइ पाउँको निस्सा प्रदान गर्ने कार्य उच्च अदालतको तहबाटै किनारा लाग्ने तथा मुद्दा छिटो अन्तिम टुंगो लाग्ने हुँदा छिटोछरितो न्याय प्रदान गर्ने राज्यको उद्देश्य पूरा हुने र न्यायिक प्रक्रिया पूर्वानुमानयोग्य बन्ने कानुन मन्त्री दिलेन्द्र प्रसाद बडूको विश्वास छ ।

वास्तवमा हाम्रो न्याय प्रणालीमा सुधार गर्नुपर्ने धेरै विषय छन् । कानुन कार्यान्वयनलाई प्रभावकारी, सरल र छरितो बनाउनुपर्ने छ । मुद्दा लड्दालड्दै कंगाल बन्नुपर्ने अवस्था भोगेका व्यक्ति थुप्रै छन् । न्याय निरूपणमा विलम्ब हुँदा एकातिर समयको सत्यानाश त भएकै हुन्छ, अर्कोतर्फ आर्थिक क्षति पनि ब्यहोर्नुपर्ने बाध्यता हुन्छ । यसले कुनै एक पक्षलाई मात्र होइन मुद्दाका वादी/प्रतिवादीलाई नै क्षति पुग्छ ।

कुनै दुर्गम गाउँबाट चप्पल फटाउँदै न्यायका लागि काठमाडौं आएकाहरू वर्षौंसम्म मुद्दाले सुनुवाइको पालो नपाउँदा पीडित बन्नुपरेको तितो बिडम्बना छ । न्याय सबैका लागि समान हुनुपर्छ भन्ने सिद्धान्त छ । न्यायमा भेदभाव गरिनु हुँदैन भनेर संविधानले भनेको छ । त्यसकारण सबैको मुद्दालाई उत्तिकै प्राथमिकता दिनुपर्छ । यी यावत् विषयलाई गहिरोसँग मनन् गरि समितिले औंल्याएका विषयलाई तत्काल कार्यान्वयनमा लैजाने वातावरण बनाऔं । न्यायमा विलम्ब गर्दै नगरौं ।

# अर्थतन्त्रमा खतराको घण्टी

अनुसा थापा

सरकारले जनतालाई दिने सेवा प्रवाहका लागि विभिन्न कार्यालयहरू खडा गरिएको छ । ती कार्यालयहरूले अलगअलग सेवा जनतालाई दिइरहेका छन् । देशभरका जनताहरू सरकारी सेवा सलनका लागि ती कार्यालयमा पुग्ने गर्छन् । तर, जनतालाई प्रत्यक्ष सेवा पुऱ्याउने ती कार्यालयहरूमा जनताले सास्ती भोग्नुपर्ने अवस्था रहेको छ । सरकारी कार्यालय भन्नेबित्तिकै समयमा काम नहुने अड्डाको रूपमा परिचित भइसकेका छन् ।

सरकारी कर्मचारीको ढिलासुस्तीका कारण यी कार्यालयमा सधैँ भीड हुने गर्दछ । मालपोत, यातायात कार्यालय, जिल्ला प्रशासन कार्यालय, राहदानी विभागलगायतमा जहिले र जतिखेर पनि भीड देख्न सकिन्छ । पछिल्लो समय नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाउनेको संख्या उल्लेखनीय रूपमा बढेको छ । तर, तीन महिना अघिसम्म एकदमै भीड हुने मालपोतको घरजग्गा र यातायात कार्यालयको सवारीसाधन नामसारी गर्ने फाँट सुनसान बनेको छ । नयाँ गाडी खरिद गर्ने सर्वसाधारणको संख्या घटेको छ । त्यस्तै, सेकेण्ड ह्याण्ड गाडीको किनबेच पनि सुस्ताएको छ । जनतासँग पैसा नभएर गाडी किनबेच घटेको बताइन्छ ।

यता बैंक/फाइनान्सले कर्जा नदिएर पनि खरिद-बिक्री रोकिएको हो, जुन तथ्यमा देखिन्छ । नयाँ गाडी खरिद-बिक्री रोकिएपछि राज्यको ढुकुटीमा राजस्व जम्मा हुन छाडेको छ । पहिले एउटा यातायात कार्यालयमा दैनिक १०० वटासम्म गाडी खरिद-बिक्री हुन्थे भने अहिले एक दर्जन खरिद-बिक्री हुन पनि मुश्किल छ ।

यता, अटो शोरुम र रिकण्डिसनहरू अहिले निकै मारमा परेका छन् । आफ्नो लगानी डुब्ने डरले उनीहरू चिन्तित बनेका छन् । व्यवसाय धराशायी नै बन्ने हो कि भन्ने आकलन गर्न थालिएको हो । यता, मालपोत र यातायात कार्यालयमा लेखनदास गर्नेहरू पनि बेरोजगार बनेका छन् । पहिले दैनिक पाँचदेखि २० हजारसम्म आम्दानी गर्ने लेखनदासहरूलाई अहिले चिया खाने पैसा जुटाउन पनि हम्मेहम्मे परेको छ । यातायात कार्यालय राजस्व उठ्ने क्षेत्र हो । तर, अहिले एक चौथाइ पनि राजस्व उठ्न छाडेको बताइन्छ ।

मालपोतमा पनि स्थिति उही छ । तीन महिना अघिसम्म घरजग्गा खरिद-बिक्री गर्नेको भीड हुने मालपोत अहिले सुनसान बनेको देखिन्छ । अहिले बजारमा घरजग्गा बेच्ने मानिसको संख्या ठूलो भए पनि किन्ने भेटिँदैनन् । किन्ने मान्छे नभएपछि मालपोत पनि ठप्प बनेको छ । जसकारण मालपोतमा चाप घट्न पुगेको हो । यससँगै राज्यकोषमा जम्मा हुने राजस्व पनि घटेको छ । पहिलेको तुलनामा मालपोतले निकै कम राजस्व उठाइरहेको तथ्यांक छ । देशैभरको मालपोतमा दैनिक लाखौं मानिसहरूले घरजग्गा नामसारी गर्थे । खरिद-बिक्री गर्नेको संख्या कहिल्यै नघट्ने मालपोतमा अहिले दैनिक नामसारी हुने घरजग्गाको संख्या न्यून छ ।

घरजग्गा किनबेचमा मन्दी आउनुको पछाडि पनि वित्तीय संस्थाकै हात छ । बजारमा तरलताको अभाव भएपछि बैंक तथा वित्तीय संस्थाहरूले कर्जा (ऋण) दिन छाडेका छन् । यता, हिजो महँगोमा दलालीसँग घर किन्नेहरूको रातको निद्रा हराएको छ । बैंकमा जग्गा धितोमा राखेर कर्जा लिई घर बनाउनेहरूको टाउकोबाट छाना हट्ने दिन आउँदै छ । किनकि, यतिखेर घरजग्गाको खरिद-बिक्री सुस्ताएको छ भने बैंकको ब्याजदर बढेको छ । तीन महिना सावा-ब्याज तिर्न नसक्नेबित्तिकै बैंकले लिलाम गरिहाल्छ । निजी प्लेटको गाडीको समस्या ठ्याक्कै त्यस्तै बनेको छ । हिजो तीन लाख हालेर किनेको सवारी आज एक लाखमा पनि बिक्री हुँदैन । अनि अन्त्यमा बैंकले त्यसलाई पनि लिलाम गर्छ । अहिले जति पनि निजी प्लेटका सवारीसाधन छन् तीमध्ये ८० प्रतिशतले बैंक/फाइनान्सबाट कर्जा लिएर सवारी खरिद गरेको पाइन्छ । बाँकी २० प्रतिशतले मात्र बैंकबाट ऋण नलिई सवारी खरिद गरेको अनुमान छ । मुलुकभरका ७० प्रतिशत मानिसले बैंकबाट कर्जा लिएर घर बनाएका छन् । बाँकी ३० प्रतिशतले मात्र आफ्नै लगानीमा घरजग्गा खरिद गरेको पाइन्छ ।

वित्तीय संस्थामा भएको पैसा जनताको हो । तर, उसले ती रकमलाई सदुपयोग गर्न नसकेको प्रस्टै देखिन्छ । औद्योगिक क्षेत्रमा लगानी गर्नुको सट्टा यी संस्थामा घरजग्गा र निजी सवारीमा लगानी गरे । नाफा र सेवा शुल्कको प्रलोभनमा पर्दा जनताको पैसा जोखिममा परेको छ । तर, हाल यी क्षेत्रको खरिद-बिक्री ठप्प बनेको छ । कर्जा तिर्न नसकेपछि बैंकको ब्याज बढ्दै जान्छ । धितोको मूल्य पनि दिनप्रतिदिन घट्दै जान्छ । अन्ततः वित्तीय संस्थाको लगानी डुब्ने अवस्था आउँदै छ भने राज्यको ढुकुटी पनि रित्तिदै जान्छ । लगानी गरेको कर्जा उठाउन र धितो बिक्री गर्न सकेन भने बैंक/फाइनान्स डुब्ने जोखिम रहन्छ । बैंक/फाइनान्स धराशायी बन्नु भनेको बचतकर्ता रोडमा आउनु हो । ब्याजको लोभमा परेर बचत गर्नेहरूको रकमको सुरक्षा सुनिश्चितता छैन । आफ्नो पैसा निकाल्नका लागि मानिसहरू दौडधुप गरिरहेका छन् । उनीहरूको भोक र तिर्खा नै गायव भइसकेको छ ।

कुन देशको अर्थतन्त्र कति बलियो छ, यसको जवाफ सेयरले दिइरहेको हुन्छ । सेयर खरिद-बिक्रीलाई आधार मानेर अर्थविद्हरूले मुलुकको अर्थतन्त्रको स्थिति थाहा पाउँछन् । तत्कालीन अर्थमन्त्री डा.युवराज खतिवडाले विभिन्न कम्पनीले १०० रूपैयाँमा निष्कासन गरेको सेयर ५००/१,००० रूपैयाँमा नकिन्न सुझाएका थिए । सेयरमा लगानी गर्नु भनेको जुवा खेलेसरह भएको उनको धारणा थियो । जुवा खेल्ने बानी लागेपछि घरजग्गा नै सिद्धिन बेर नलाग्ने र सेयर पनि उही नै भएको अर्थमन्त्री खतिवडाले बताएका थिए । जुनसुकै बेलामा सेयर लगानीकर्ता डुब्नसक्ने उनको भनाइ थियो । त्यसपछि सेयरको मूल्य लगातार घट्न पुगेको थियो । अर्थमन्त्रीको कारणले सेयरको मूल्य घटयो भनेर सेयर लगानीकर्ताहरू आन्दोलित बने । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष अर्थमन्त्रीको राजीनामा मागसमेत भएको थियो । खतिवडा अर्थमन्त्री हुँदा दैनिक सात करोड रूपैयाँसम्म सेयर खरिद-बिक्री हुन्थ्यो । अर्थमन्त्रीको पदबाट खतिवडा हट्नेबित्तिकै एकै दिनमा अर्बौंको सेयर किनबेच भयो । तर, अहिले फेरि पनि सेयरको मूल्य लगातार घटिरहेको छ ।

अर्थमन्त्री जनार्दन शर्माले देशको अर्थतन्त्रलाई सन्तुलित राख्न नसकेपछि सेयरको खरिद-बिक्री घटेको हो । बैंक/फाइनान्स नै टाट पल्टिएपछि सेयरमा लगानी गर्ने कुरै रहेन । सरकारले जनतालाई विश्वास दिलाउन नसक्दा तरलता थप बढेको हो । बैंक/फाइनान्सले पछिल्लो समय ब्याज बढाए पनि पैसा लगेर राख्नेको संख्या ह्वात्तै घटेको छ । आफ्नो जीवनभरको कमाइ डुब्ने डरले ब्याजको प्रलोभनमा जनता परेनन् । अहिले बैंकले १४ प्रतिशत, सहकारीले १८ प्रतिशत ब्याज दिन्छु भन्दा पनि मानिसहरूले पैसा जम्मा गरेका छैनन् । ब्याजको लोभमा सावा नै गुम्ने पो हो कि भन्ने डर सबैको मनमा परेको छ ।

नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयले बजारमा देखिएको तरलताको समस्या हटाउन पहल गरिरहेको बताए पनि सुधार आउने काम गरेका छैनन् । यता, जनताले आफ्नो घरमा लुकाएर राखेको पैसा बैंकसम्म ल्याउन पनि यी दुई निकाय लागिपरेका छन् । त्यस्तै, हजार र ५०० को नोटमा प्रतिबन्ध लगाउन लागेको कुरा पनि चर्चामा आइरहेको छ । मुलुकमा बढ्दो तरलता र व्यापार घाटाका कारण खाद्य संकट हुने देखिएको छ । रुस र युक्रेनबीचको युद्धले नेपालको अर्थतन्त्रलाई पनि प्रभावित तुल्याएको छ ।

पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या देखिन थालिसकेको छ । यही अवस्थामा अगाडि बढे नेपालको स्थिति पनि श्रीलंकाजस्तो नहोला भन्न सकिँदैन ।

भएका जग्गा सबै घर बनाएर सिद्धिसक्यो । घर नबनेका सबै बाँझै छन् । चामल, दाल, तरकारीसमेत नेपाल आत्मनिर्भर छैन । जसकारण नेपालमा अवश्य पनि भोकमरी लाग्नेछ । यो स्थिति आउन नदिन सरकारले पेन्सन दिन रोक लगाउनुपर्छ । सरकारी कर्मचारीको तलब आधा गरिनुपर्छ । त्यस्तै, सरकारी गाडी चढ्ने प्रवृत्तिमा पनि प्रतिबन्ध लगाउन जरूरी देखिएको छ । सांसद, पूर्वमन्त्री, मन्त्री, प्रधानमन्त्री, सभामुखलगायत पूर्व विशिष्ट अधिकारीहरूको सुविधा कटौती गर्नुपर्छ । त्यस्तै, ज्येष्ठ नागरिक भत्ता पनि कटौती गर्नुपर्छ ।

उच्च ओहोदामा बसेकाहरूले राष्ट्रका निम्ति सोचिदिने हो भने फेरि पनि अर्थतन्त्र तंग्रिन सक्छ । तत्कालै खर्च कटौती गर्ने हो भने देशको अर्थतन्त्रलाई बचाउन सकिन्छ । तर, अझै पनि विदेशी ऋण लिएर तलबभत्ता खान नरोके देश संकटमा पर्न सक्छ । भोकमरी, लुटपाट, झै-झगडाको अवस्था आउनेतर्फ सचेत बन्नुपर्छ । मुलुक अहिले अधिकांश आयातीत खाद्यवस्तुले धानेको छ । अरूमा आश्रित भएको मुलुकमा जुनसुकै बेला संकट निम्तिन सक्छ । पेट्रोलियम पदार्थको अभाव, खाद्यवस्तुको कालाबजारी आदि रोक्न सरकारले बेलैमा ध्यान दिन आवश्यक छ । एकातिर जनताले राज्यकोषमा जम्मा हुने कर घट्नु र अर्कोतर्फ व्यापार घाटाको आकडा बढ्दै जानु मुलुकको अर्थतन्त्रका लागि खतराको संकेत हो । यस्तो संकटको अवस्थामा मुलुकलाई पुग्न नदिन सरकार समयमै जिम्मेवार बन्न आवश्यक छ ।

**उच्च ओहोदामा बसेकाहरूले राष्ट्रका निम्ति सोचिदिने हो भने फेरि पनि अर्थतन्त्र तंग्रिन सक्छ। तत्कालै खर्च कटौती गर्ने हो भने देशको अर्थतन्त्रलाई बचाउन सकिन्छ। तर, अझै पनि विदेशी ऋण लिएर तलबभत्ता खान नरोके देश संकटमा पर्न सक्छ। भोकमरी, लुटपाट, झै-झगडाको अवस्था आउनेतर्फ सचेत बन्नुपर्छ।**

## मनन्योग्य

### विदुर नीति

सज्जन पुरुषले कहिल्यै कसैको ईर्ष्या र डाह नगरोस् । स्त्री वर्गको रक्षा गरोस् । सम्पत्तिको पनि परम्परामा र नोकर-चाकरसमेतलाई दिई भागवण्डा गरेर उपभोग गरोस् । मीठो बोली बोल्ने गरोस् । स्वभावमा सरलता रहोस् । नारीहरूसँग मधुर वचन बोलोस्, तर स्त्रीका वशमा भने नपर्ने गरोस् ।

स्त्रीलाई घरकी लक्ष्मी तथा आदरयोग्य भनिएको छ । यिनिहरू सौभाग्यशालिनी (महालक्ष्मी समान) पवित्र, घरको शोभा (लक्षिन) बढाउनमा गनिन्छन् । यसैले विशेषरूपले गृहिणीको रक्षा गर्नुपर्दछ । गृहिणीको जुन घरमा अभाव रहन्छ, त्यो घरमा स्मसान हुन जान्छ ।

कुनै पनि व्यक्तिले आफ्नो अन्तःपुर (गृह प्रवन्ध) सम्बन्धी कामको जिम्मा आफ्नो बाबु (पिता) लाई लगाओस् किनकि बाबु समानको हितैषी व्यक्ति अरु कोहि पनि हुन सक्तैन । भान्सा र खाने पिउने कुराको व्यवस्था आफ्नी आमाको जिम्मामा राखोस् । गाई वस्तुभाउ र सम्पत्तिका देखभाल आफ्नो आत्मीय एव्म मन परेको मानिसद्धारा गराओस् । खेतीपातीको हेरचाह आफू स्वयले गरोस् । व्यापार र लेनदेनको काम कारबाही नोकर वा सेवकद्धारा गराओस् र ब्राह्मनहरूको सेवा भने आफ्ना पुत्रबाट गराउने गर्नुपर्दछ ।

पानीबाट आगो, ब्राह्मनबाट क्षत्रिय, पत्थरबाट फलम आदि धातुहरू पैदा भएका छन् । यसैले यी पैदा भएका वस्तुहरूको सर्वव्यापी प्रभाव पनि आफूलाई पैदा गर्ने वस्तुहरूमा नै गएर शान्त हुन पुग्दछन् । अर्थात पानीले निभाउँछ ब्राह्मनहरूले क्षेत्रीलाई शान्त गराउँछन् अनि फलामलाई पनि कडा पत्थरले बंगयाईदिने गर्दछ ।

श्रेष्ठ कुलमा पैदा भएका अग्निसमान तेजस्बी साधु पुरुषहरू सधैं क्षमाशील हुन्छन् । यस किसिमका विकासरहित व्यक्ति रुखको टोड्काभित्र छिपेर रहेको आगोसमान सधैं शान्त भईरहन्छ ।

जस्को गुप्त कुरालाई उसका शत्रु र मित्र कसैको पनि थाहा पाउन सक्तैनन्, त्यस किसिमको गम्भीर स्वभाव भएको राजाले नै लामो समयसम्म वैभव (ऐश्वर्य) लाई उपभोग गर्न पाउँछ । **क्रमशः**

## पत्र–मञ्जुषा

# प्रधानमन्त्रीको भारत भ्रमणको सन्देश

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणबारे विभिन्न समीक्षाहरू आइरहेका छन् । गत शुक्रबार भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा तीनदिने भारत भ्रमणमा गएका देउवा आइतबार साँझ स्वदेश फर्किसकेका छन् । स्वदेश फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री डा. नारायण खड्काले प्रधानमन्त्रीको भ्रमण अत्यन्त सफल भएको बताए । उनले प्रधानमन्त्रीको भ्रमणले नेपाल-भारत सम्बन्ध नयाँ उचाइमा पुगेको दाबीसमेत गरे ।

प्रधानमन्त्रीको भ्रमणलाई सकारात्मक रूपमा हेर्दा दुई देशबीचको सम्बन्ध सुधारको पक्षमा सहयोग पुग्ने देखिन्छ । किनभने, केपी ओली नेतृत्वको पूर्ववर्ती सरकारले भारतले अतिक्रमण गरेको कालापानी, लिपुलेकलगायत भूभाग समेटेर नेपालको नक्सा 'चुच्चे नक्सा' प्रकाशनमा ल्याएपछि नेपाल-भारत सम्बन्ध केही चिसिएको थियो । भारतले एकतर्फी रूपमा ती भूभाव आफ्नो नक्सामा समेटेपछि नेपालले पनि आफ्नो नक्सामा समेटेर प्रकाशनमा ल्याएको थियो । भारतले लामो समयदेखि अतिक्रमण गरिरहेको भूभाग फिर्ता हुनुपर्ने माग चर्को रूपमा उठिरहेको सन्दर्भमा नेपालले आफ्नो नक्सा प्रकाशन गरेपछि भारत चिढिएको थियो । भारतले भने ती भूभाग आफ्नै भएको दाबी गर्दै आएको छ ।

लिपुलेक, कालापानी मात्रै हैन, नेपाल र भारतबीच धेरै ठाउँमा सीमा विवाद छ । सीमा विवाद समाधानका लागि पटक-पटक विज्ञहरूको समिति बनाएर संयुक्त अध्ययन गरिए पनि भारतले ती अध्ययनको सुझावहरू कार्यान्वयनमा आनाकानी गर्दै आएको छ । सीमा विवाद समाधानमा भारत कुरै गर्न चाहँदैन । यही कारण नेपाल र भारतबीच सम्बन्धमा चिसोपन रहँदै आएको छ । यसै सन्दर्भमा देउवाको भारत भ्रमणबाट चिसिएको सम्बन्ध केही हदसम्म कम गर्न मद्दत पुगेको मान्न सकिन्छ । भ्रमणका क्रममा सीमा विवाद समाधानको विषय पनि उठाएको बताइएको छ । तर, देउवाले कति कडाइका साथ त्यो कुरा राखे भन्ने अबको नतिजाले देखाउने नै छ ।

देउवाको यो पटकको भ्रमणका क्रममा पञ्चेश्वर आयोजना बढाउने महत्त्वपूर्ण सहमति बनेको छ । यसलाई पनि सकारात्मक रूपमा लिनुपर्छ । तर, यो सहमति पहिलो होइन । वर्षौंअघि भएको सहमति अझै कार्यान्वनमा नआएको हो । त्यसैले कार्यान्वयनपक्ष अब कस्तो रहन्छ, अनिमात्र उपलब्धिको रूपमा लिन सकिन्छ । यही भ्रमणका क्रमा कुर्था-जनकपुर-जयनगर रेल सेवाको उद्घाटन भएको छ । यस्तै सोलु करिडोर प्रसारणलाइनको पनि उद्घाटन भएको छ । ऊर्जा क्षेत्रमा विशेष सहमति भएको छ । बंगलादेशलाई बिजुली बेच्ने तयारी गरिरहेको नेपालका लागि यसपटकको सहमतिले ढोका खोल्ने बताइएको छ ।

प्रधानमन्त्री देउवाको भ्रमणलाई लिएर आलोचनाको विषय बन्यो भारतीय जनता पार्टीको कार्यालय भ्रमण । देउवा भाजपाको कार्यालयमै गएर भाजपा अध्यक्षसँग भेट गरे । यसलाई कूटनीतिक मर्यादाविपरीत भनी आलोचना भइरहेको छ । तर परराष्ट्रमन्त्री खड्काले भाजपा कार्यालयमा प्रधानमन्त्रीको रूपमा नभई कांग्रेस सभापतिको रूपमा देउवाले भ्रमण गरेको भन्दै उनको बचाउ गरेका छन् ।

समग्रमा देउवाको भ्रमणलाई सकारात्मक रूपमा लिनुपर्छ । किनभने, सबैभन्दा निकट छिमेकी देशलाई विश्वासमा लिएर नै हामी अगाडि बढ्नुपर्छ । यद्यपि, उसको दास बन्न कदापि हुँदैन । दुई देशबीच सम्बन्ध प्रगाढ बनाइराख्न यस्ता भ्रमणले महत्त्वपूर्ण भूमिका खेल्ने गरेको छ । देउवाको भ्रमणबाट जुन अपेक्षा गरिएको थियो त्यो पूरा नभए पनि सम्बन्ध सुधार र केही महत्त्वपूर्ण सम्झौताहरूलाई लिएर सकारात्मक मान्नुपर्ने देखिन्छ ।

*गोविन्द लामा, बौद्ध*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# खोटाङका ३५ मतदानस्थल अति संवेदनशील

**खोटाङ–** आगामी वैशाख ३० गते देशभर एकैसाथ सञ्चालन हुने स्थानीय तहको निर्वाचनअन्तर्गत खोटाङमा १३६ मतदानस्थल र १९४ मतदान केन्द्र निर्धारण गरिएको छ । जिल्लामा निर्धारण गरिएका मतदानस्थलमध्ये ३५ वटा अतिसंवेदनशील, ५८ वटा संवेदनशील र ४३ वटा सामान्यमा राखिएको छ ।

सुरक्षा संयन्त्रको पहुँच, विगतका घटना र भौगोलिक विकटताको आधारमा जिल्लामा तीन समूहमा वर्गीकरण गरेर शान्ति/सुरक्षाको व्यवस्था मिलाउने तयारी गरिएको जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी फणिन्द्र दाहालले जानकारी दिए । मतदानस्थल तथा मतदान केन्द्रको सुरक्षाका लागि जिल्लामा कार्यरत सुरक्षाकर्मी तथा म्यादी प्रहरी अभाव हुने भएकाले थप सुरक्षाकर्मी सम्बन्धित निकायमा माग गर्ने तयारी गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा २४ मतदानस्थल र ४४ मतदान केन्द्र, हलेसी तुवाचुङ नगरपालिकामा १८ मतदानस्थल र २७ मतदान केन्द्र निर्धारण गरिएको छ । त्यस्तै केपिलासगढी गाउँपालिकामा १३ मतदानस्थल र १५ मतदान केन्द्र, ऐँसेलुखर्क गाउँपालिकामा १३ मतदानस्थल र १५ मतदान केन्द्र, रावाबेँसी गाउँपालिकामा १० मतदानस्थल र १४ मतदान केन्द्र, साकेला गाउँपालिकामा आठ मतदानस्थल र १२ मतदान केन्द्र, दिप्रुङ चुइचुम्मा गाउँपालिकामा १३ मतदानस्थल र १८ मतदान केन्द्र, खोटेहाङ गाउँपालिकामा १५ मतदानस्थल र २१ मतदान केन्द्र, बराहपोखरी गाउँपालिकामा १० मतदानस्थल र १३ मतदान केन्द्र तथा जन्तेढुङ्गा गाउँपालिकामा १२ मतदानस्थल र १५ मतदान केन्द्र निर्धारण गरिएको छ ।

**कुन स्थानीय तहमा कति मतदाता**

दश स्थानीय तह रहेको खोटाङमा यसवर्षको निर्वाचनमा एक लाख ४३ हजार ७५२ जनाले मतदान गर्न पाउने भएका छन् । स्थानीय निर्वाचनमा जिल्लाका ६८ हजार ७४६ महिला र ७५ हजार ६०० ले मतदान गर्न पाउने भएका हुन् ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा ३४ हजार ७८, हलेसी तुवाचुङ नगरपालिकामा २० हजार ९२१ मतदाता छन् । त्यस्तै केपिलासगढी गाउँपालिकामा १० हजार ८३८, ऐँसेलुखर्क गाउँपालिकामा ११ हजार ४९५, रावाबेँसी गाउँपालिकामा नौ हजार ६१८, साकेला गाउँपालिकामा आठ हजार ५४८, खोटेहाङ गाउँपालिकामा १५ हजार २४५, दिप्रुङ चुइचुम्मा गाउँपालिकामा १३ हजार ४३१, बराहपोखरी गाउँपालिकामा नौ हजार ३६४ र जन्तेढुङ्गा गाउँपालिकामा १० हजार २१३ मतदाता छन् । यो वर्ष कायम भएको जिल्लाभरका कूल मतदातामध्ये २०७४ को निर्वाचनको तुलनामा २८ हजार ११० मतदाता बढी रहेको जिल्ला निर्वाचन कार्यालय खोटाङका सूचना अधिकारी लोकेन्द्र राईले जानकारी दिए । रासस

## मतपत्र छपाइ...

पृष्ठ १ बाट जारी

'पहिला दुर्गमको मतपत्र छापिनेछ । किनभने, ढुवानीको हिसाबले दुर्गम जान धेरै दिन लाग्न सक्छ । पहिला दुर्गम स्थानको छाप्ने र पठाउने गरिन्छ । त्यसपछि सुगम ठाउँहरूका छापिन्छ । दुर्गमतिरको सुरुमा छाप्ने र सुगमतिर क्रमशः आउने आयोगको रणनीति छ,' पौडेलले भने ।

आयोगले स्थानीय तह निर्वाचनलाई व्यवस्थित र प्रभावकारीरूपमा सम्पन्न गर्न आवश्यक पर्ने निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका २०७८ समेत स्वीकृत गरेको छ । प्रवक्ता पौडेलले आयोगले 'स्थानीय तह निर्वाचन-२०७९' लाई व्यवस्थित र प्रभावकारी तरिकाले सम्पन्न गर्न आवश्यक पर्ने 'निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका, २०७८' स्वीकृत गरी कार्यान्वयनमा ल्याएको बताए । उनका अनुसार आयोगले निर्वाचन तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७८, मतदान निर्देशिका २०७८ र मतगणना निर्देशिका २०७८ आयोगबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

'आयोगलाई स्थानीय तह निर्वाचन २०७९ लाई व्यवस्थित र प्रभावकारी तरिकाले सम्पन्न गर्न आवश्यक पर्ने निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका २०७८, निर्वाचन तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७८, मतदान निर्देशिका २०७८ र मतगणना निर्देशिका २०७८ आयोगबाट स्वीकृत भई कार्यान्वयनमा आएका छन्,' आयोगका प्रवक्ता शर्माले पत्रकार सम्मेलनमा भने, 'स्थानीय तह निर्वाचन २०७९ का लागि आवश्यक मतपत्र छपाइ कार्यक्रम जनक शिक्षा सामग्री केन्द्रमा सुरु भई छपाइ कार्य जारी रहेको छ । कूल २३ लहर समूहका ७७ प्रकारका एक करोड ९४ लाख थान मतपत्र छपाइ हुने छन् । सबैभन्दा कम १६ लहरको मतपत्र डोल्पाको हुनेछ भने सबैभन्दा बढी ५६ लहरको मतपत्र काठमाडौंको हुनेछ ।'

निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन सम्बन्धी प्रदेशस्तरीय प्रशिक्षण विराटनगर, धुलिखेल, बुटवल र नेपालगञ्जमा शनिबार सम्पन्न भएका छन् । उक्त प्रशिक्षणमा निर्वाचन कार्यालयका एजेन्सी शाखा र आर्थिक प्रशासन शाखाका कर्मचारीहरू सहभागी भएका प्रवक्ता पौडेलले बताए । उनले गृह मन्त्रालयले एकीकृत सुरक्षा योजनाको विषयमा आयोगलाई जानकारी गराइसकेको भन्दै त्यसप्रति आयोग गम्भीर भएर लाग्नेसमेत बताए ।

**मतदाता नामावली विवरणका लागि शुल्क**

आयोगले राजनीतिक दल तथा स्थानीय तहका उम्मेदवार हरूलाई मतदाता नामावली विवरण सशुल्क उपलब्ध गराउने भएको छ । यो विवरण विद्युतीय कपी उपलब्ध हुनेछ । आयोगले निर्धारण गरेको शुल्क बुझाएर राजनीतिक दल तथा उम्मेदवार हरूले मतदाता नामावली विवरण आयोगबाट लिन पाउने व्यवस्था गरिएको आयोगका प्रवक्ता पौडेलले बताए । त्यसका लागि सात हजार रूपैयाँसम्मको शुल्क तोकिएको छ ।

आयोगले मतदाता नामावलीको विवरण लिनका लागि देशभर, प्रदेश, जिल्ला, पालिका र वडास्तरमा लाग्ने शुल्क तय गरेको छ । जसअनुसार देशभरको विवरण लिन सात हजार, प्रदेशका लागि पाँच हजार, जिल्लाका लागि तीन हजार, पालिकाका लागि एक हजार र वडाका लागि पाँच सय रूपैयाँ शुल्क निर्धारण गरिएको प्रवक्ता पौडेलले बताए ।

'केन्द्रबाट राजनीतिक दलको आधिकारिक पत्रको आधारमा सात हजार तिरेर देशभरिको र पाँच हजार तिरेर प्रदेशको उपलब्ध गराउन सकिन्छ,' उनले भने ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DURRAT AL BASHEER CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७८/१२/२१ | LT. No. 261036 | चलानी नं. ६०१७७२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 1 | 0 | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : चैत्र २९ गते (12th Apr. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Max Employment Center Gov. Lic. No.: 1531/078/079
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GUL SCRAP TRADING

पुर्व स्वीकृति मिति २०७८/१२/२१ | LT. No. :261060 | चलानी नं. ६०१७७२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 1 | 0 | 1100 | ३६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 1 | 0 | 3000 | १,००,३०५ | | | | | | | |
| 3 | Labourer | 1 | 0 | 1000 | ३३,४३५ | | | | | | | |
| 4 | Representative | 1 | 0 | 2200 | ७३,५५५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dream & Guide System Pvt. Ltd.**
Dream & Guide System Pvt. Ltd. श्रम इजाजत न. ६७१/०६३/०६४
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/
info@dreamandguide.com, Web:- www.dreamandguide.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JABEL ALI CAFETERIA & RESTAURANTS

पूर्व स्वीकृति मिति : २०७८/१२/२१ | LT. No. 261041 | चलानी नं. ६०१७७२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef De Partie | 1 | 0 | 270 | ८७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi Cook | 2 | 0 | 150 | ४८,४२५ | | | | | | | |
| 3 | Kitchen Helper | 3 | 0 | 120 | ३८,७४० | | | | | | | |
| 4 | Waiter | 4 | 0 | 120 | ३८,७४० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMSAT FANN CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति: २०७८/१२/२० | LT. No.260800 | चलानी नं.६०१७७१८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative | 1 | 0 | 2500 | ८३,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Representative | 1 | 0 | 2000 | ६६,८७० | | | | | | | |

कम्पनी : AMARNI CLEAR TRANSACTIONS

पूर्व स्वीकृति मिति: २०७८/१२/२० | LT. No.260801 | चलानी नं.६०१७७१८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 3 | 0 | 1000 | ३३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Typist | 2 | 0 | 1300 | ४३,४६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: चैत्र २९ गते (12th Apr 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि: शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Valley Nepal Pvt.Ltd.**
श्रम ईजाजत नं. १५२६/०७४/०७५
Gausala-9, Kathmandu, Nepal, Tel : +977-1- 4113812
E-mail : info@himalayan.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LE MIRAGE CITY WALK

पूर्व स्वीकृति मिति २०७८/१२/२१ | LT. No.260893 | चलानी नं.६०१७७२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Services | 5 | 0 | 1800 | ६०,१८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Service Employee | 3 | 0 | 1100 | ३६,७८० | | | | | | | |
| 3 | Waiter | 0 | 5 | 1600 | ५३,४९५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: नि:शुल्क कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED ENTERPRISES CO. L.L.C.

पूर्व स्वीकृति मिति २०७८/१२/२१ | LT. No. 261004 | चलानी नं.६०१७७२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५०,१५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 5 | 0 | 1000 | ३३,४३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Tel No: 4610716, Phone: 9813327241, 9741877355, 9851107202, 9841359033
Email: supremeovs@yahoo.com, receptionsupreme123@gmail.com, Web: www.supremeoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : POPEYE RESTAURANT

पूर्व स्वीकृति मिति २०७८/१२/२१ | LT. No. 260878 | चलानी नं. ६०१७७२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५०,१५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 2 | 0 | 1100 | ३६,७८० | | | | | | | |

**प्रि: अन्तरवार्ता धमाधम भईरहेको छ। फाईनल अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १,२ र ३ गते (14,15 & 16th Apr 2022)मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.**
samakhusi Chowk-3, Jaldhara Marga Kathmandu,
Tel no. 015901301, 015906301,15906301
9801821163, 9801821164,9801821165,9818411157,9803877782
Lic No. 632/063/64
email : niopl2017@gmail.com,info@niopl.com,URL:www.nipl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZIYAD SALEH ABDULLAH AL SHEHRI READY MIX CONCRETE FACTORY

पूर्व स्वीकृति मिति २०७८/१२/२१ | LT. No. :260841 | चलानी नं.६०१७७२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 2 | 0 | 1000 | ३२,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Public Car Driver | 1 | 0 | 1500 | ४८,६७५ | | | | | | | |

कम्पनी : GREEN DRAGON RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७८/१२/२१ | LT. No. :260949 | चलानी नं.६०१७७२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Chef | 3 | 0 | 2500 | ८१,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-4363546, Fax: +977-1-4363540
श्रम ईजाजत नं. २५७/०५८/०५९
Email: greenstaroverseas@gmail.com, Webside: www.greenstaroverseas.com

# प्रभाव दैनिक

मंगलबार, २२ चैत २०७८ (Tuesday, April 5, 2022)


रूपशाला

## विद्यालयमा 'थकथकी'

रूकुम पूर्वका विभिन्न विद्यालयहरूमा जनचेतनामूलक सडक नाटक 'थकथकी' मञ्चन गरिएको छ । नाटक रूकुम पूर्वका महेन्द्र उच्च मावि तक, नयाँबजार तकसेरा र श्री पूथा हिमालय मावि मैकोटमा देखाइएको थियो । पूथा उत्तरगंगा गाउँपालिकाको आर्थिक सहयोग र ग्लोबल कनेक्सन मिडिया प्रालिले निर्माण गरिएको नाटक पूर्खाजित राईले निर्देशन गरेका हुन् ।



# प्रतिभा निखार्दै मिस्टर नेपाल प्रतियोगी




■ प्रभाव संवाददाता

**काठमाडौँ–** 'मिस्टर नेपाल २०२२' मा ३६ युवा भिड्ने भएका छन् । छनोट चरणको अडिसनबाट अन्तिम स्पर्धाका लागि यी प्रतियोगी छानिएका हुन् । छानिएका प्रतियोगी अहिले प्रशिक्षणमा जुटिरहेको आयोजक नेक्स्ट मोडल्स नेपालका सिइओ रवि धमलाले बताए ।

'मिस्टर नेपाल' पुरुष सहभागी हुने नेपालकै प्रतिष्ठित र ठूलो प्रतियोगिता हो । एक्सपोज नेपालले आयोजना गर्दै आएको यो प्रतियोगिता यस वर्षबाट नेक्स्ट मोडल्स नेपालले गर्ने भएको हो । १८ वर्षदेखि ३२ वर्ष ननाघेका युवाको सहभागीता रहेको प्रतियोगीतामा देशभरबाट सहभागी छन् । प्रतियोगीतामा काठमाडौंबाट एलिस गिरी, स्वराज श्रेष्ठ, प्रविन बिके, रोनिस खड्गी, प्रसन्न राई, श्रृजन पाठक, विकाश गमाल रहेका छन्, काभ्रेबाट आकाश भैला, बिशाल महत, योगेश लामा तामाङ, जीवन गिरीले भाग लिएका छन् ।

त्यस्तै आयुष खड्का धनुषा, कुसल नहर्की धादिङ, समिप शाही कैलाली, आयुष ढकाल, नुतन श्रेष्ठ, बिशाल कटुवाल, सविन श्रेष्ठ मोरङ, ईश्वर बोगटी, प्रकाश श्रेष्ठ सिन्धुपाल्चोक, कपालिक खनाल काभ्रेपलान्चोक, खिमराज शर्मा, सुरज आले बाँके, रूपेश महत्तो ललितपुर, रूपेश दाहाल, मानस कुमार राई ओखलढुङ्गा, डा. नरोतम तिवारी, प्रेम चन्द्र मण्डल पर्सा, प्रसिद्ध खाँड रूपन्देही, संजय पनेरु चितवन, नविन श्रेष्ठ नुवाकोट, अभिषेक चुडाल झापा, कैलास रावत कैलाली, दिपेन्द्र कुमार शर्मा सर्लाही रहेका छन् । यसपटक प्रतियोगीतामा डाक्टर, इन्जिनियर, अभिनेता लगायत व्यक्तित्वको समेत सहभागीता रहेको नेक्स्ट मोडल्स नेपालकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् ।

प्रतियोगी अहिले अन्तिम प्रतिस्पर्धाको तयारी कक्षामा फिजिकल फिटनेश, मोटिभेसन सेसन, स्टेज पफमेन्स, पब्लिक स्पिकिङ, कम्युनिकेसन स्क्रिल लगायतका बिभिन्न विषयमा प्रशान्त ताम्राकार, माल्भिका सुब्बा, रोजिन शाक्य लगायतबाट प्रशिक्षण लिइरहेका छन् । प्रतियोगीताको कोरियोग्राफर प्रशान्त ताम्राकार हुन् । युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्य रहेको प्रतियोगीताको फाइनल स्पर्धा आगामी बैशाख ३ गते आयोजना हुदैछ । प्रतियोगीतामा आफुमा मनपरेको प्रतियोगीलाई जिताउन इसेवा मार्फत मिस्टर नेपाल सर्च गरेर भोटिङ समेत गर्न सकिनेछ ।

आगामि बैशाख ३ गते अन्तिम स्पर्धा हुने प्रतियोगिताको शीर्ष विजेताले 'मिस्टर वर्ल्ड २०२३' मा सहभागिताको अवसरको अलवा ५ लाख नगदसहित विभिन्न ब्राण्डको ब्राण्ड एम्बेसर, फेस अफ ब्राण्ड, विज्ञापन, म्युजिक भिडियो र फिल्म अभिनय अवसर प्राप्त गर्नेछन् ।



# २५ चैत्रमा मैले आइ लभ यु भन्नै सकिनँ

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रेमकथानक फिल्म 'मैले आइ लभ यु भन्नै सकिनँ' आगामी शुक्रबार अर्थात् २५ चैत्रमा देशब्यापी प्रदर्शन हुने भएको छ । बाबु जिम्बा र शंकर कार्कीको संयुक्त निर्देशनमा बनेको फिल्मको सोमबार चलचित्र बिकास बोर्डमा प्रेसमिट गरि ट्रेलरका साथै 'मुस्ताङको बजार' बोलको गीत प्रदर्शन गरियो ।

राजेश पायल राई र मेलिना राईको स्वर, दीपक रमणको शब्द,संगीत रहेको गीतमा बुद्धि तामाङ,अञ्जली अधिकारी,राजाराम पौडेल,स्व.जयनन्द लामा,सुजन नेपाली,कविता पुरीलगायतका कलाकारलाई फिचर गरिएको छ । कबिराज गहतराजले कोरियोग्राफी गरेको गीत खर्चिलो सेटमा खिचिएको छ ।

'मैले आइ लभ यु भन्नै सकिनँ' केही समयअघि निर्माण सम्पन्न भए तापनि बल्ल दर्शकमाझ ल्याउन लागीएको जानकारी दिदै निर्देशक बाबुले आफूहरूले युवापुस्ताको भावना बुझेर फिल्म निर्माण गरेको बताए । कार्यक्रममा 'मैले आइ लभ यु भन्नै सकिनँ' लाई गायिका तथा अभिनेत्री डोमा ह्याल्मो,द्वन्द्ध निर्देशक योगेन्द्र श्रेष्ठ,अभिनेता,खेलाडी ज्ञानबहादुर जिम्बा तामाङ, फिल्म निर्देशक निमा लामा तामाङलगायतले सफलताको शुभकामना व्यक्त गरेका थिए । शंकर कार्कीको कथा र कार्यकारी निर्माण रहेको फिल्मको निर्मातामा प्रेम श्रेष्ठ,सहनिर्मातामा भक्तबहादुर नेपाली र मेशरबहादुर नेपाली छन् । तारा शंकर फिल्मस्को ब्यानरमा निर्मित फिल्ममा बुद्धि तामाङ,राजाराम पौडेल,जयनन्द लामा,सुरवीर पण्डित,अञ्जली अधिकारीका साथमा सुजन नेपाली,सुवास नेपाली,अनिषा सुनार,सुनील भुसाल, सुरज कार्की,लक्ष्मी भट्ट,दावा लामा,कविता पुरी,निरुता तामाङ,शितल खड्का,श्रुति मगर,सरस्वती तामाङ,इच्छा तामाङ,अर्जिता थापालगायतका कलाकारले अभिनय गरेका छन् ।

वीर मास्टरको द्वन्द्ध निर्देशन रहेको फिल्म आशिष जिम्बा र सुशील डाँगीले खिचेका हुन् । तारा थापा 'किम्भे' ले सम्पादन गरेको फिल्मको मुख्य सहायक निर्देशक भोला (प्रनप) सुवेदी छन् । सिंगल रिलिज भएकाले पनि आफ्नो फिल्मले दर्शकको अधिक साथ पाउने बिश्वास निर्माण पक्षको छ ।



## त्रिकोणात्मक टी-२० सिरिज

# नेपाल बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले त्रिकोणात्मक टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजको उपाधि जितेको छ । त्रिवि क्रिकेट मैदानमा सोमबार भएको फाइनलमा पपुवा न्युगिनी (पीएनजी) लाई ५० रनले हराउँदै नेपालले सिरिजको उपाधि जितेको हो । नेपालले दिएको १ सय ६९ रनको लक्ष्य पछ्याएको पीएनजीले १६ ओभर १ बलमा अलआउट हुँदै १ सय १८ रन मात्र बनाउन सक्यो ।

पीएनजीका सेसे बाउले ५९ रनको अर्धशतकीय इनिङ खेलेपनि टोलीलाई जित दिलाउन सकेनन् । उनले ३८ बलमा १ चौका र ६ छक्का प्रहार गर्दा करण केसीको बलमा अविनास बोहराले क्याच गरे । यस्तै चार्ल्स अमिनीले १५ बनाउँदा अन्य कसैले पनि दोहोरो रन बनाउन सकेनन् ।

नेपालको जितमा दिपेन्द्र सिंह ऐरी नायक बने । उनले ब्याटिङमा अर्धशतक बनाउँदा बलिङमा समेत उत्कृष्ट प्रदर्शन गरे ।

पीएनजीको ब्याटिङ धरासायी बनाउन दिपेन्द्रले ४ विकेट हात पारे । उनले ४ ओभरमा १८ रन खर्चेर ४ विकेट हात पारे । यस्तै करणले ३ र सन्दीप लामिछानेले २ विकेट हात पारे ।

यस अघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १ सय ६८ रन बनाएको थियो । नेपालका लागि दिपेन्द्र सिंह ऐरीले अविजित रहदै ५४ रनको अर्धशतकीय इनिङ खेले । उनले ३८ बलमा अविजित ५ चौका प्रहार गर्दा टी(ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा एक हजार रन पूरा गर्ने पहिलो खेलाडी बने ।

आक्रामक ब्याटिङ गरेका करण केसीले अविजित रहदै ३३ रन बनाए । उनले १२ बलमा ५ चौका र १ छक्का प्रहार गर्दै नेपाललाई बलियो स्कोर खडा गर्न मद्दत गरे । दिपेन्द्र र करणले अन्तिम २४ बलमा ५४ रन जोड्दै नेपाललाई राम्रो स्कोरमा पुऱ्याएका थिए । यस्तै ओपनर कुशल भुर्तेल र आसिफ शेखले २५ र २९ रनको योगदान गरे । कुशलले २२ बलमा ५ चौका प्रहार गर्दा आसिफले २९ बलमा १ छक्का प्रहार गरे ।

नेपालले ११ ओभरमा २ विकेट गुमाएर ८२ रन बनाएको थियो । तर १२ औं ओभरमा विना कुनै रन जोड्दा नेपालले ३ विकेट गुमाएपछि पीएनजीले पकड जमाएको थियो । सेमो कमेअको ओभरमा नेपालले एक रन नजोडी ३ विकेट गुमाएको हो । आदील आलमले १३ बलमा १ चौका र १ छक्का प्रहार गर्दा १५ रन बनाएर आउट भए । पीएनजीका कमेअले आफ्नो ४ ओभर बलिङ गर्दै १ मेडेन राख्दै २८ रन खर्चेर ३ विकेट लिए । त्यस्तै चाड सोपर, काबुअ मोरेय र रिले हेकुरेले समान १/१ विकेट लिए ।

नेपालले पीएनजीविरुद्ध एकदिवसीय सिरिजमा व्यहोरेको हारको बदला समेत लिएको छ । पीएनजीले नेपालविरुद्धको एकदिवसीय सिरिज २-० ले क्लिन स्विप गरेको थियो । सिरिजमा नेपाल अपराजित रहँदै फाइनल पुगेको हो । मलेसिया र पीएनजी भने तीन खेलमा पराजित हुँदा एक खेल जित्दै नेट रनरेटमा अघि रहदै पीएनजी फाइनल पुगेको थियो ।

### करण उत्कृष्ट बलर

सिरिजमा नेपालका अलराउन्डर करण केसी उत्कृष्ट बलर चुनिएका छन् । नेपाललाई सिरिजको उपाधि दिलाउन उत्कृष्ट प्रदर्शन गरेका करण उत्कृष्ट बलर चुनिएका हुन् ।

करणले सिरिजको ५ खेलमा १३ विकेट लिए । पीएनजीविरुद्धको फाइनलमा समेत उनले ३ विकेट लिए । पीएनजीका टोनी उरा उत्कृष्ट ब्याट्सम्यान चुनिए ।

### दीपेन्द्र म्यान अफ द सिरिज

त्यस्तै सिरिजमा नेपालका अलराउन्डर दिपेन्द्र सिंह ऐरीले प्लेयर अफ द सिरिज चुनिएका छन् । नेपाललाई सिरिजको उपाधि दिलाउन उत्कृष्ट प्रदर्शन गरेका दिपेन्द्र प्लेयर अफ द सिरिज घोषित भएका हुन् ।

सिरिजमा दिपेन्द्रले ५ खेल खेल्दै एक शतकसहित कुल २ सय ५५ रन जोड्दा ७ विकेट लिएका थिए । पीएनजीविरुद्ध आज भएको फाइनलमा दिपेन्द्रले ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेका थिए ।

ब्याटिङमा उनले अविजित ५४ रनको अर्धशतकीय इनिङ खेलेका थिए । बलिङमा ४ विकेट लिएका थिए । दिपेन्द्र फाइनलको प्लेयर अफ द म्याच समेत चुनिए । दीपेन्द्रले सोमबार यसै खेलबाट टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा १ हजार रन समेत पूरा गरे ।

दीपेन्द्र टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा एकै इनिङमा सर्वाधिक रन बनाउने नेपाली खेलाडी समेत बने । उनले मलेसियाविरुद्ध १ सय २६ रनको


**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी गर्न आउने सूचना**

यस कार्यालयमा मिति २०७८/१०/०८ गतेका दिन दर्ता भएको दर्ता नं. २३२९३६ का श्री **भानु सेवा स्वास्थ्य पोलिक्लिनिक** प्रा.लि. नामक कम्पनीको दर्ता खारेज गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटर**
**दिवाकर शर्मा**



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL RAHA VILLAGE PROPERTIES LLC**

पुर्व स्वीकृति मिति २०७८/०७/०५ पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ LT. No. 249109 चलानी नं.६०१६५८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 48 | 0 | 1000 | ३३,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sewerage Cleaning Labour | 50 | 0 | 800 | २६,५१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत्र ३० गते (13th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**

Govt. License 1370/74/75

samakhushi-26, Kathmandu, Nepal, Phone : + 977-1-4383168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com



## श्री चन्डेश्वरी माध्यामिक विधालय

**विदुर ७, तुप्चे, नुवाकोट**

**वोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धि सूचना ।**

**प्रकाशित मिति : २०७८।१२।२२**

उपरोक्त सम्वन्धमा नुवाकोट जिल्ला, श्री चन्डेश्वरी मा.वि.,तुप्चे ले विज्ञान प्रयोगशालाको सामान,फर्निचर खरिद एवं जडानको लागि मिति २०७८ फाल्गुण ०९ गते प्रभाव (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको ,तोकिएको समयभित्र (२०७८ चैत्र ०९ सम्म) रितपूर्वक पर्न आएका वोलपत्ररु मध्ये तपशिलमा उल्लेखित वोलपत्रदाताको कवोल अंक सवैभन्दा घटि भएको र उक्त वोलपत्र सारभूत रुपमा प्रभावग्राहि पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१)र २७ (२) प्रयोजनार्थ सम्वन्धित वोलपत्रदाता एवं सवै सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | वोलपत्र स्वीकृत हुने फर्मको नाम | ठेक्का अंक (भ्याट समेत) |
|---|---|---|---|
| 1 | 01/CHSHSS/ Supply/078-079 | Open Enterprises, Nagarjun-1, kathmandu | 7,366,146.28 |

**प्रधानाध्यापक**

# श्रीलंकाका सबै मन्त्रीले दिए राजीनामा

**कोलम्बो–** श्रीलंकामा आर्थिक संकटसँगै राजनीतिक संकट बढ्दै गएपछि मन्त्रिपरिषद्का सबै सदस्यहरूले राजीनामा दिएका छन् । प्रधानमन्त्री महेन्दा राजापाक्षेबाहेक सबै मन्त्रीहरूले राजीनामा दिएको अधिकारीहरूले जनाएका छन् ।

देशमा आर्थिक संकट बढेपछि सरकारका विरुद्धमा आन्दोलन सुरु भएकाले सरकारले संकटकाल लागू गरेको छ । संकटकालसँगै राजनीतिक संकट बढ्न थालेपछि उनीहरूले राजनीतिक संकट न्यूनीकरण गर्न भन्दै राजीनामा दिएको बताएका छन् । मन्त्रिपरिषद्का २६ सदस्यले राजीनामा बुझाएको शिक्षामन्त्रीले पुष्टि गरेका छन् ।

उनका अनुसार मन्त्रीहरूले आइतबार नै प्रधानमन्त्रीलाई राजीनामा बुझाएका हुन् । राजीनामा दिनेमा प्रधानमन्त्रीका छोरा पनि रहेको उनले जानकारी दिए । विदेशी मुद्राको अभावका कारण इन्धनको आयातको भुक्तान गर्न नसकिएपछि मुलुकमा बहुपक्षीय संकट उत्पन्न भएको छ । अहिले दैनिक आधा समय लोडसेडिङ हुने गरेको छ भने खाद्यान्न, औषधि र इन्धनको अभावका कारण सर्वसाधारण आक्रोशित भएका छन् ।

आक्रोशित जनता खाद्यान्न र इन्धन अभाव हुनुमा सरकार दोषी रहेको भन्दै सरकारविरुद्ध आन्दोलनमा उत्रिएका छन् । आन्दोलन चर्किंदै गएपछि सरकारले ३६ घण्टाको कर्फ्यु घोषणा गरेको छ । आन्दोलनकारीहरूले राष्ट्रपति गोटाबय राजापाक्षेको निवास घेराउ गर्न थालेपछि प्रहरी र प्रदर्शनकारीबीच झडप भएको थियो । झडपका कारण आन्दोलन अझ चर्किने देखेर सरकारले संकटकाल घोषण गर्दै कर्फ्यु आदेश जारी गरेको हो ।

कर्फ्युका कारण मानिसहरूलाई सार्वजनिक सडक, पार्क, रेल वा समुद्री तटमा लिखित अनुमतिबिना जानमा प्रतिबन्ध लगाइएको छ । त्यसैगरी केही समयका लागि भन्दै सामाजिक सञ्जाल पनि बन्द गराएको छ ।

**गभर्नरको पनि राजीनामा**

श्रीलंकाको केन्द्रीय बैंकका गभर्नरले पनि सोमबार पदबाट राजीनामा दिएका छन् । गभर्नर अजिथ काब्रालले मुलुकको आर्थिक संकट आफूले सम्हाल्न नसक्ने अवस्थामा पुगेको भन्दै राजीनामा दिनुपरेको उल्लेख गरेका छन् । उनले राष्ट्रपति गोटाबय राजापाक्षे समक्ष राजीनामा दिएको जानकारी दिएका छन् ।

**सरकारमा सहभागी हुन आह्वान**

यसैबीच श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्षेले देशका सबै राजनीतिक दलहरूलाई सरकारमा सहभागी हुन र राष्ट्रिय संकटको समाधान खोज्न एकजुट भएर काम गर्न आमन्त्रण गरेका छन् ।

आह्वानपत्रमा राष्ट्रपतिले वर्तमान संकट धेरै आर्थिक र विश्वव्यापी चिन्ताको परिणाम भएको र देशको लोकतान्त्रिक प्रक्रियाभित्रैबाट समाधान खोज्नुपर्ने बताएका छन् । एसियाको एक अग्रणी लोकतन्त्रका रूपमा यसलाई लोकतन्त्रको ढाँचामा नै सम्बोधन गर्न आवश्यक छ, पत्रमा भनिएको छ, 'नागरिक र भावी पुस्ताको हितमा राष्ट्रिय हितमा मिलेर काम गर्नुपर्छ ।'

यसैबीच श्रीलंकामा शनिबार साँझ ६ बजे लगाइएको ३६ घण्टा लामो कर्फ्यू सोमबार बिहान ६ बजे हटाइएको थियो तर देश अझै पनि आपतकालीन अवस्थामा छ । सरकारले शनिबार फेसबुक, ट्विटर, इन्स्टाग्राम, ह्वाट्सएप र यूट्यूब लगायतका सामाजिक मिडिया प्लेटफर्महरूको पहुँचमा रोक लगाएको थियो तर प्रधानमन्त्रीका छोरा नमल राजापाक्षेले यसको विरुद्धमा बोलेपछि आइतबार दिउँसो प्रतिबन्ध हटाइएको थियो ।

*रासस/एएनआई*

## मोटर साइकल हरायो

राम कुमार खड्काको नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७८।१२।१५ गते रातको अन्दाजी ९:२० बजेको समयमा का.जि.टोखा.न.पा वडा नं.८ बानियाटार इन्द्रायणी पुल नजिक मितेरी टोलबाट पार्किङ्ग गरि राखिएको अवस्थामा हराइएको हुँदा, पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

बाई नं. : बा.९९.प.५६७३-sport-250
चेसिस नं. :LY4YCNLV9JOB08669
इन्जिन नं. 166FMM*RA044252
रङ्ग – रातो
सम्पर्क – 9848087354/ 015906260
(Ram Kumar Khadka)

## ओरिजिनल डकुमेन्ट हराएको सूचना

मिति २०७८/११/१० गते काठमाडौंको शंखमुलबाट डिल्लीबजार जाने क्रममा मेरो निम्न व्यहोरा भएको बी.बीएको प्रमाण पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : समिक्षा चन्द**
**स्थायी ठेगाना : कैलाली**
**हालको ठेगाना : का.म.न.पा, शंखमुल**
**सम्पर्क : ९८४८४३२२४२**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/२१ गते**

यस कम्पनीको मिति २०७८/१२/०५ मा सम्पन्न विशेष साधारण सभाको निणर्य बमोजिम कम्पनीको साविकको नाममा **कश्यप विद्यापिठ प्रा.लि** को रहेको सम्पूर्ण चल अचल तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि परिवर्तित नामले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/१२/१७ को निर्णय अनुसार नाम परिवर्तन गरी **हेरा नेशनल स्कुल प्रा.लि** कायम गरिएको सूचना प्रकाशित गरिएको छ।

**हेरा नेशनल स्कुल (प्रा.लि. नं. ११८५९१)**
इनरूवा न.पा.-६, सुनसरी

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATAYEB ALNADA SERVING MEALS EST

पूर्व स्वीकृति मिति :२०७८/१२/२१ | LT. No. 259931 | चलानी नं. :६०१७७२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 1 | 0 | 1200 | ३८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मितिः चैत्र २९ र ३० गते (12 & 13th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ANAMOL OVERSEAS PVT. LTD.**
Kathmandu N.P.-9,Kalimatidole, Kathmandu,BAGMATI
Nepal Phone : +977-4479756
श्रम ईजाजत नं. 563/062/63

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAHIR SALHAM CAR MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७८।१२।२० | LT. No.260586 | चलानी नं.: ६०१७७०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

## ZERO COST RECRUITMENT FOR MALAYSIA
## सून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

**Free Visa! Free Ticket, Free Medical. No Any Service Charge**
**निःशुल्क भिषा, टिकट, स्वास्थ्य जाँच र कुनैपनि सेवा शुल्क नलाग्ने**

कम्पनी : OPS PAPER PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति : २०७६/१०/२० | पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ | LT. No. :232443 | चलानी नं. ६०१५१०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MYR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 34 | 0 | 1200 | ३४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VITAL TECHNICAL SDN BHD

पूर्व स्वीकृति मिति : २०७६/११/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ | LT. No. :233910 | चलानी नं. ६०१५२६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MYR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 0 | 1200 | ३४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**Mass Human Resource Pvt. Ltd. does not have any sub-agents.**

**Candidates are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. If any one pays for this recruitment MHR do not have any responsibilities .**

यस मास हयुमन रिसोर्स प्रा.लि को कुनै शाखा वा मध्यस्वकर्ता छैनन् । यस कम्पनीमा जानका लागि कामदारबाट कुनैपनि शुल्क लिइने छैन यदि कसैले लिएमा यस प्रा. लि. जिम्मेवार हुने छैन ।

**नोट**: MHR holds zero tolerance towards any kind of corruption, misconduct. All our valuable stakeholders are welcome to reach us through our hotline no. **+977-1-4983080** or email : **grievance.massmngt@gmail.com** directly. MHR will maintain your privacy.

हामी कुनैपनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । हाम्रा सबै मूल्यवान सरोकारवलाहरुलाई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

**अन्तरवार्ता संस्थाको कार्यालयमा चैत्र २९ गते (12th. Apr 2022)मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले दिने | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रोजगारदाताले दिने |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, KTM, Nepal, TEL: 4983088, 4955765

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAMI SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७६/११/२३ | पूर्न विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ | LT. No. 234488 | चलानी नं. ६०१६०८५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 20 | 0 | 1200 | ३४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत २९ गते (12th April 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar,, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587,

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIL POLISH BEAUTY SALOON FOR LADIES

पूर्व स्वीकृति मिति : २०७८/१२/२१ | LT. No. 260934 | चलानी नं.६०१७७२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 140 | ५५,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 1 | 140 | ५५,५८० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २९ गते (12th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० **कामदार आफैंले** **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-1-4465367, 4465368
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Tawasul Transport L.L.C

पूर्व स्वीकृति मिति २०७८/०८/१० | पून : विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ | LT. No. 251445 | चलानी नं. ६०१६३८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 100 | 0 | 1500 | ४९,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि-अन्तरवार्ता धमाधम भई रहेको छ ।**
**फाईनल अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २९ गते (12th April. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रू. १,५०० कामदार आफैले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जा□दा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK Overseas Pvt. Ltd.** (Se Gumba Overseas) श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-1-4989760 / 4989761, 9851112074, 9841935884, 9841541592, 9803961072,9801064154, Fax:- + 977-1-4989762

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Café Faysal Fahd Raja Al-Qahtani For Beverages

पूर्व स्वीकृति मिति : २०७८/१२/२१ | LT. No.260931 | चलानी नं. ६०१७७२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE AND TEA MAKER | 2 | 0 | 1200 | ३८,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COFFEE PRESENTER | 1 | 0 | 1200 | ३८,६५० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत २९ गते (12th April 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.** श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउण्टर


**पशुपति विज्ञापन सेवा -** सोह्रखुटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** -डिल्लीबजार, फोन नं.: ४४३९२०१। **ReachmondBooksShop (रोहित दाहाल)**-फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **YonjanEnterprise-DhalkuBhishalNagar,4438217**। **दन्तकाली स्टेसनरी** - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६। **सारीका स्टेसनरी पसल** - फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल** - बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार** - सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेसनरी** - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि.** - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेसनरी** - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेसनरी** - गटठाघर ठिमी, फोन नं. **६६३०७५७ । B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर** - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । **दाजुभाई स्टेसनरी** - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेसनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ९८७०० / प्रति तोला – ९८२०० / प्रति तोला – १३५०

## एमसिसी परियोजना छिटो सुरु गरौं : अर्थमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री जनार्दन शर्माले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाको कार्यान्वयन प्रक्रिया छिटो अघि बढाउनुपर्ने बताएका छन् ।

सोमबार अर्थमन्त्री शर्माको नेतृत्वमा एमसिसीको डेपुटी भाइस प्रेसिडेन्ट जोनाथन ए ब्रुक्स, एमसिसीको नेपालस्थित राष्ट्रिय निर्देशक (निमित्त) सञ्जय पौडेल, नेपालस्थित अमेरिकी दूतावासको राजनीतिक विशेषज्ञ रोजी कट्टेल र अर्थ मन्त्रालयका प्रतिनिधिबीच भर्चुअल बैठक भएको थियो ।

उक्त बैठकमा अर्थमन्त्री शर्माले परियोजनाको कार्यान्वयन अवधि एक वर्ष बाँकी रहेको देखिएकाले त्यति ढिला गर्न नहुने बताएका थिए । 'एक वर्ष कार्यान्वयन अवधि मेरा लागि धेरै लामो समय भयो । हामी छिटो भन्दा छिटो काम शुरु गर्न चाहन्छौं । त्यसका लागि एमसिसीले पनि आवश्यक तयारी गरोस् भन्न चाहन्छु,' उनले भने ।

संसद्बाट अनुमोदन भएपछि एमसिसी र अर्थमन्त्री शर्माबीच पहिलो पटक बैठक भएको हो । त्यसक्रममा उनले एमसिसी अनुमोदन प्रक्रियामा केही समस्या देखिएपनि कार्यान्वयन चरणमा गएपछि कुनै पनि समस्या आउन नदिने प्रतिबद्धता पनि जनाए । 'एमसिसी आर्थिक परियोजना हो र यो चाँडै अगाडी बढ्छ भन्ने कुरामा आम नेपालीलाई विश्वास भइसकेको छ । त्यसैले अब एक वर्षभित्र कार्यान्वयन गर्ने भनेर समय तोक्ने होइन, जतिसक्दो छिटो परियोजना कार्यान्वयन गर्न थाल्नुपर्छ,' उनले भने । एमसिसी विशुद्ध आर्थिक परियोजना भएको विषयमा सरकार स्पष्ट भए पनि विभिन्न कारणले राजनीतिकरण भएको उनको भनाइ थियो ।

धेरै समस्या र चुनौतीका बाबजुत एमसिसी स्वीकार गर्ने निर्णय भएको भन्दै उनले परियोजना कार्यान्वयनमार्फत नेपालको आर्थिक विकासमा सहयोग पुग्ने विश्वास लिएको बताए । उक्त क्रममा एमसिसीका डेपुटी भाइस प्रेसिडेन्ट जोनाथनले नेपालको अर्थतन्त्रलाई सकारात्मक दिशामा अगाडि बढाउन परियोजनाले सघाउने बताए । उनले एमसिसी अनुमोदनका लागि अर्थमन्त्रीले गरेको नेतृत्वका लागि धन्यवादसमेत दिएका थिए ।

'परियोजना अनुमोदनका लागि तपाईंले गरेको नेतृत्वदायी भूमिकाका लागि विशेष धन्यवाद दिन चाहन्छु । परियोजनाबाट धेरै राम्रा र ठूला काम गरेर देखाउनुपर्नेछ,' डेपुटी भाइस प्रेसिडेन्ट ब्रुक्सले भने । उनले परियोजनाको कार्यान्वयन छिटोभन्दा छिटो अगाडि बढोस् भन्ने आफूहरूको पनि चाहना भएको र नेपालको तयारीअनुसार नै छिट्टै काम अगाडि बढाउने प्रतिबद्धता जनाए । 'हामी पनि परियोजनाको काम छिटोभन्दा छिटो होस् भन्ने चाहन्छौं । यसका लागि एउटा मिति तोकेर व्यावहारिक रूपमा कार्यान्वयन अगासडि बढोस् भन्ने चाहन्छौं,' उनले भने ।

## एलपी ग्यास सिलिण्डरको ५० अर्ब रूपैयाँ धरौटी गायब

■ प्रभाव संवाददाता

**काठमाडौं–** एलपी ग्यास उद्योगीले राज्यलाई बुझाउनु पर्ने अर्बौं रूपैयाँ ठगी गरेको पाइएको छ । सर्वसाधरणले एलपी ग्यास खरिद गर्दा सिलिण्डरको धरौटी रकम असुली गर्ने गरेको छ । सामान्यतया प्रति सिलिण्डर दुई हजारदेखि तीन हजार रूपैयाँसम्म धरौटी उद्योगीहरूले लिने गरेका छन् तर त्यो धरौटी रकम न उपभोक्ताले फिर्ता पाउने गरेको छ न त सरकारी ढुकुटीमा उद्योगीहरूले दाखिला नै गर्ने गरेका छन् ।

ग्रामीण क्षेत्रमा तीन हजार ५०० रूपैयाँसम्म धरौटी लिने गरेका छन् । तर, यसरी संकलन गरेको धरौटी रकबापतको अर्बौं रकममा व्यापारीहरूले अहिलेसम्म आफ्नै इच्छाअनुसार खर्च गर्दै आउँदासमेत सरकारी निकायले उक्त रकमको खोजी गरेको छैन । विभिन्न ग्यास उद्योगका नेपालभर एक करोड ५० लाखभन्दा बढी सिलिण्डर उपभोक्ताहरूले खरिद गरेको प्रारम्भिक अनुमान गरिएको छ । उक्त संख्याको आधारमा हिसाब गर्दा उद्योगीहरूले ५० अर्ब रूपैयाँभन्दा बढी रकम धरौटीबापत सर्वसाधरणबाट उठाइसकेको देखिन्छ ।

उक्त धरौटी रकम व्यापारीहरूले कुनै रेकर्ड नराखी खर्च गर्दै आएका छन् । यसरी संकलन गरेको धरौटी रकम ग्यास व्यवसायीहरूले कहाँ कसरी जम्मा गरेका छन् भन्नेबारे समेत कुनै कुरा बताउन चाहँदैनन् ।

उद्योगीहरूले सिलिण्डर बिक्री गरेको भए पनि अहिलेसम्म त्यो बिक्रीको कर राज्यको ढुकुटीमा बुझाएको रेकर्ड अहिलेसम्म सम्बन्धित निकायले सार्वजनिक गरेको छैन । करबापत पाँच अर्ब रूपैयाँभन्दा बढी रकम उनीहरूले राज्यलाई बुझाउनुपर्नेमा एक रूपैयाँ पनि नबुझाई छली गर्दै आएकोसमेत भेटिएको छ ।

नेपाल आयल निगमका अनुसार नेपालमा यसरी ग्यास सिलिण्डरको कारोबार गर्ने ५० वटा कम्पनी रहेको जनाएको छ । उनीहरूले सर्वसाधारणबाट लिने धरौटीको खातासमेत नखोली कारोबार गरेको निगमले जनाएको छ ।

ठूला करदाता कार्यालयका चार, आन्तरिक राजस्व कार्यालय दाङका एक र आन्तरिक राजस्व कार्यालय भैरहवाका दुईवटासमेत गरेर सात वटा करदाताले ग्यास बिक्री गर्दा ग्राहकबाट सिलिण्डर बापतको धरौटी लिने र सिलिण्डरलाई भने ह्रासयोग्य सम्पत्तिमा देखाई ह्रास खर्च र मर्मत सम्भार खर्च कट्टी गर्दै रकम हिनामिना गर्दै आएको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमासमेत उल्लेख गरिएको छ। सो कार्यालयको प्रतिवेदन अनुसार ती कम्पनिहरूले धरौटीबापत एक अर्ब ९९ करोड ९२ लाख ४३ हजार करदाता व्यावसायमा प्रयोग गरिरहेको र सो रकमको ब्याज ग्राहकलाई नदिने र प्रायः ग्राहकले सिलिण्डर फिर्ता नमाग्ने भएकाले पनि उद्योगीहरूले उक्त रकम हिनामिना गरेको ठहर गरेको छ ।

सरकारले कर निर्धाण गरेर कर दाखिला गराउनुपर्ने विषयमा महालेखाले पटक-पटक सचेत गराए पनि सम्बन्धित निकायले भने सो निर्देशनलाई बेवास्ता गर्दै आएको छ । यस सम्बन्धमा राजस्व अनुसन्धान विभाग समेत बेखबर भएर बसेको छ । ५० वटा ग्यास उद्योगमध्ये कुनैको पनि धरौटी खाता रहेको छैन ।

उद्योगको खातामा शून्य रहेको छ तर, जनताबाट अर्बौं रूपैयाँ उठाइ आफूखुसी खर्च गर्दै आएको ठहर महालेखाको रहेको छ । एलपी ग्यास उद्योगीहरूले सर्वसाधारणबाट धरौटी रकम मात्रै होइन सरकारबाटसमेत प्रतिसिलिण्डर ३७५ रूपैयाँ कमिसन लिँदै आएका छन् ।

आयल निगममा नयाँ नेतृत्व परिवर्तन भएसँगै उनीहरूले फेरि कमिसन माग गर्दै हड्तालमा उत्रिएका छन् । व्यवसायीहरूले एक करोड २० लाख सिलिण्डरबाट सर्वसाधारणबाट एकै पटकमा ४५ करोडभन्दा बढी त कमिसनमात्रै बुझ्दै आएका छन् ।

ग्यास उद्योगीहरूले जनतामाथि लुट मच्चाउँदा पनि सरकार रमिते बनेर बसेको राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले बताएका छन् । सिलिण्डर धरौटीबापत सर्वसाधरणबाट लिएको रकमको विषयमा पटक-पटक आवाज उठाउँदै आएको भए पनि सो सम्बन्धमा सरकारी निकायले चासो नदिएका कारण उपभोक्ता लुटिँदै आएको अध्यक्ष महर्जनले बताए । व्यापारीहरूले सर्वसाधारणबाट धरौटीबापत रकम लिए पनि बिल विजकसमेत उद्योगीहरूले दिने गरेका छैनन् । यसरी बिल विजक जारी नगरी ग्यास धरौटीको रकम लिनु गैकानुनी कार्य रहेको मञ्चका अध्यक्ष महर्जनको भनाइ रहेको छ ।

उपभोक्तामाथिको अपराधमा राज्यकै संरक्षण रहेको ठहर समेत उनको रहेको छ । आपूर्ति मन्त्रालयलाई यस विषयमा कुनै चासो नभएको समेत उपभोक्तावादीहरूले बताएका छन् । यी व्यवसायीहरूले तिर्नुपर्ने ५० अर्बको ब्याज र राजस्वको समेत हिसाब उद्योगीले सरकारलाई बुझाएका छैनन् भने त्यसको सही विवरण उद्योगीसँग समेत रहेको छैन । नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष कुश मल्लीलाई पटक-पटक सम्पर्क गर्दा उनले फोन रिसिभ गरेनन् ।

### भाटभटेनीलाई जरिवाना

**काठमाडौं–** गुणस्तरहिन बस्तुको बिक्री वितरण गर्दै आएको भाटभटेनी सुरमार्केटलाई सरकारले सामान्य कारबाही गरी उन्मुक्ति दिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौं र बाणिज्य बिभागको संयुक्त अनुगमन टोलीले कलंकीस्थित भाटभटेनी सुपरमार्केटलाई दुई लाख जरिवाना गरेर छोडेको छ । सो मार्केटमा म्याद सकिएको मिरिन्डा र म्याद स्पष्ट नदेखिने सामान बिक्री गरेको भन्दै दुई लाख जरिवाना गरेर छोडिएको हो ।

उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार भाटभटेनीलाई उक्त रकम जरिवाना गरिएको काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए । आगामी दिनमा म्याद गुज्रिएको सामान बिक्री गरिएको पाइने थप कारावाही गर्ने गरि सचेत गराइ छाडेको उनले बताए । कालिमाटीमा रहेको समर किराना पसल र चम्पारण स्टोरमा अनुगमन गर्दा मूल्य सूची नराखिएको र उपभोक्ताको स्वास्थ्यमा खेलवाड गरिएको भन्दै ५०-५० हजार रूपैया जरिवाना गरिएको पौडेलले बताएका छन् ।

## सम्पत्ति शुद्धीकरण विभागमा उजुरीको चाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभिन्न व्यक्ती तथा कम्पनीका सञ्चालकहरूले स्रोत नखुलेका सम्पत्ति रहेको भन्दै कारबाहीको माग राखी उजुरी दिनेक्रममा तीव्रता आएको छ । सम्पत्ति शुद्धीकरण विभागका अनुसार हालसम्म दुई हजार ५०० भन्दा बढी उजुरी परेको जनाएको छ । विभागले दिएको विवरण अनुसार स्थापना कालदेखि हालसम्म सम्पत्तिको स्रोत नखुलेका दुई हजार ५०८ वटा मुद्दा परेको जनाएको छ ।

विभागमा दर्ता भएका मुद्दाहरूमा विशेष अदालतमा ७७ वटा मुद्दा दायर भएका छन् । जसमध्ये ४९ वटा मुद्दाको फैसला भएको विभागले जनाएको छ । फैसला भएका मुद्दामा ४२ वटा मुद्दा सम्पत्ति शुद्धीकरण विभागको पक्षमा रहेका छन् भने ७ वटा मुद्दा विपक्षमा फैसला भएको समेत विभागले जनाएको छ । सर्वोच्च अदालतबाट फैसला भएका १३ वटा मुद्दामा विभागको पक्षमा १० वटा रहेका छन् । तीनवटा मुद्दा विपक्षमा फैसला भएका छन् । विभागमा दर्ता भएका मुद्दाहरूमध्ये अनुसन्धान अधिकृत तोकिएका मुद्दाहरू २३६ वटा रहेका बताइएको छ । प्रारम्भिक अनुसन्धान अधिकृत तोकिएका मुद्दाहरू एक हजार ५०४ वटा रहेको विभागले जनाएको छ ।

आर्थिक वर्ष २०७८/७९ फागुन मसान्तसम्ममा विभागमा ९५ वटा मुद्दा दर्ता भएको जनाएको छ । नेपाल राष्ट्र बैंकको वित्तिय सूचना इकाइबाट प्राप्त भएका मुद्दाहरू १७ वटा, अन्य व्यक्ति तथा निकायबाट प्राप्त भएका सूचनाहरू ६९ वटा, सम्वद्ध कसुरमा कारवाही चली प्राप्त सूचनाहरू नौ वटा, प्रारम्भिक अनुसन्धान तोकिएका मुद्दाहरू ९५ वटा, अन्य निकायमा पठाइएको १७ वटा रहेका छन् । विभागले यस आर्थिक वर्षमा दुई वटा मुद्दाहरू विशेष अदालतमा दायर भएका जनाएको छ । यस अवधिमा विभागले नेपाल इन्जिनियरिङ कलेजका सञ्चालक आठ जनाविरुद्ध मुद्दा दायर गरेको छ । कलेजका सञ्चालकहरूले संगठित रूपमा कलेजको रकम हिनामिना गरी सिद्धार्थ बैंकमा रहेको खाता सञ्चालन गरी अन्य बैंक खाताहरूमा कलेजको रकम सारी सो खाता र खर्चको अभिलेख नराखी ८ करोड रूपैयाँ हिनामनिा गरी ठगी गरेको आरोपमा मुद्दा दायर गरेको हो । विभागमा तीन किसिममा उजुरी आउने गरेको जनाएको छ । सर्वसाधारण, वित्तीय जानकारी इकाई र अनुसन्धान कार्यनिकायहरूबाट अनुसन्धानमा सम्वद्ध कसुरमा कारवाही गरेपछि पनि सुचनाहरू आउने गरेको विभागले जनाएको छ ।

### विदेशी निर्माण कम्पनी कालोसूचीमा

**काठमाडौं –** सार्वजनिक खरिद अनुगमन कार्यालयले एक विदेशीसहित छ निर्माण कम्पनीलाई सरकारले कालोसूचीमा राखेको छ ।

विभिन्न सरकारी निकायको आग्रहपछि स्पष्टीकरण सोधेको चित्तबुझ्दो जवाफ नआएपछि उनीहरूलाई कालोसूचीमा राखेको जनाइएको छ । ती कम्पनीलाई एक देखि तीन वर्षसम्मको अबधिको रहेको छ । कालोसूचीमा भारतीय कम्पनी टिबिइए इनर्जी प्राइभेट लिमिटेड कन्सोर्टिएम विथ पिपी इण्डस्ट्रिज प्रालिलाई तीन वर्ष कालोसूचीमा राखिएको छ । नेपाल विद्युत् प्राधिकरणको सिफारिसमा टिबिइएलाई कालोसूचीमा राखिएको हो । यो चेन झिजिनको कम्पनी हो ।

त्यसैगरी, चिराग कन्स्ट्रक्सन, कर्णाली बिल्डर्स, फैजल एण्ड अफजल कन्स्ट्रक्सन, कुशलदेव निर्माण सेवा र तितुङ कन्स्ट्रक्सन प्रालिलाई पनि कबुलअनुसारको काम नगरेपछि कालोसूचीमा राखिएको छ ।

ग्यासको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ग्यास तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं ।
- प्रयोग गरिसकेपछि ग्यासको चुल्हो र रेगुलेटर बन्द गरौं ।
- यथासम्भव ग्यास सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
- ग्यास सिलिण्डर र सिलिण्डरको पाइप समय–समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त मर्मत गरौं ।
- ग्यास सिलिण्डर लिँदा सिल भए/नभएको हेरेर मात्र लिऔं ।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं ।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक
National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ